**परिवार मनोविमर्श सेवा** : पारिवारिक संरचना वा अन्तरक्रियाहरू प्रभावहिन भएमा प्रयोग गरिने मनोसामाजिक सहयोग विधि नै परिवार मनोविमर्श हो । यस मनोविमर्श प्रक्रियामा परिवारका सम्पूर्ण सदस्यहरू सम्मिलित हुन्छन् भने कहिलेकाही एक समयमा केही मात्र पारिवारिक सदस्यहरूमा केन्द्रित गरिन्छ । उदाहरणका लागि अभिभावकहरू मात्रै, अभिभावक तथा बालबालिकामध्ये एक जना मात्रै बालक वा बालिका । यसमा सधै परिवारका सदस्यहरूबीचको समस्या वा समस्या भएका बालक, बालिका अभिभावकहरूले पहिचान गरेका तथा उनीहरूको नजरमा समस्यामा रहेका बालक वा बालिका देखिएका बारे काम गरिन्छ ।

मनोसामाजिक समस्याबाट प्रभावित व्यक्तिका परिवार र समाज पनि उसको व्यावहारिक समस्याका कारणले चिन्तित हुन सक्छन् भने अर्कोतर्फ उनीहरूले पीडित व्यक्तिको यथार्थ अवस्था पहिचान गर्न नसकेर ऊसँग गलत व्यवहारहरू पनि गरिरहेका हुन सक्छन् । यसकारणले सम्बन्धित परिवारका सदस्य तथा समाजमा प्रभावित व्यक्तिप्रति सकारात्मक र सहयोगी अवस्थाको वातावरण सृजना गर्न सिविसको मनोविमर्श सेवा केन्द्रले पारिवारिक तथा सामुदायिक मनोविमर्श सेवा पनि प्रदान गर्दछ । यसका लागि सम्बन्धित परिवारका सदस्य तथा समुदायमा नै गएर सिविसले मनोविमर्श सेवा प्रदान गर्दछ ।

**दूर परामर्श सेवा (फोन, पत्राचार)** : सिविसमा प्रत्यक्ष रूपमा उपस्थित भई मनोविमर्श सेवा प्राप्त गर्न नसकेका वा यससम्बन्धी जानकारी चाहने व्यक्तिहरूका लागि सिविसले दूर परामर्श सेवा प्रदान गर्दै आइरहेको छ । यसका लागि सम्बन्धित व्यक्ति वा समूहले सिविसको हटलाइन टेलिफोन नं. १६६० ०१ १०००० मा सम्पर्क गर्न सक्नुहुन्छ । यो फोन शुल्क नलाग्ने फोन सेवा भएकोले नेपालभरी जुनसुकै स्थानबाट नेपाल टेलिकमको नम्बरबाट यस फोन नम्बरमा फोन गर्दा पैसा तिर्नुपर्दैन ।

यसबाहेक सिविसले हिंसा र दुर्व्यवहारबाट प्रभावित बालबालिकाका लागि कानूनी सहायता तथा उद्धार र पूनर्स्थापनाका कार्यक्रमहरू, मनोसामाजिक मनोविमर्शसँग छोटो अवधिका तालिमहरू र यससम्बन्धी अनुसन्धानहरू पनि सञ्चालन गर्ने गर्दछ ।

- मनोविमर्श केन्द्र भनेको निर्देशन वा मनोविमर्शकर्ताको आफ्नै मात्र विश्लेषणमा आधारित सुझाव वा सल्लाह दिने कुरा होइन ।
- मनोविमर्श सेवामा व्यक्त गरिएका कुराहरू र सम्बन्धित व्यक्तिको परिचय अत्यन्त गोपनिय रहन्छ ।
- मनोविमर्श सेवामा सहभागी भइसकेपछि मनोविमर्शकर्तासँग छलफल भई तय गरेको समयमा सम्पर्क गर्ने र उपस्थित हुने गर्नुपर्दछ ।
- यदि यसरी तय गरेको समयभन्दा अगावै पनि मनोविमर्शकर्तासँग छलफल गर्नुपर्ने कुनै समस्या आइपरेमा हटलाइनमा वा प्रत्यक्ष उपस्थित भई तत्काल नै मनोविर्शकर्तासँग सम्पर्क राख्नुपर्दछ ।
- मनोविमर्शकतासँग आफ्ना समस्या र अनुभूतिहरू ढाँट्ने वा लुकाउने गर्नु हुँदैन र सबै कुरा खुलस्त राख्न हिच्किच्याउन पर्दैन ।
- मनोविमर्शको समयमा यदि आफूलाई कुनै अप्ठेरो वा समस्या भइरहेको भए, मनोविमर्शकर्तालाई नडराई खुलस्त राख्नुपर्दछ ।
- यदि कानुनी कार्वाही गर्नुपर्ने समस्या भएमा मनोविमर्श कर्तासँग छलफल गरी आवश्यक कानुनी प्रक्रियाका लागि पनि तयार रहनुपर्दछ ।

**थप जानकारीको लागि :**


**सिविस**

**बुद्धनगर, काठमाडौं पोष्टबक्स नं.** : २१४३३

**फोन नं.** : ०१-४७८४५५४, ४७८१३८६ ४७८०४४६

**फ्याक्स नं.** : ०१-४७८१३८६


*बालबालिकाविरुद्ध हिंसा वा दुर्व्यवहार भएमा तथा मनोसामाजिक समस्या देखापरेमा परामर्श र सहयोगका लागि सम्पर्क गर्नुहोस् ।*

**१६६०-०१-१००००**

*यस नम्बरमा फोन गर्दा पैसा तिर्नुपर्दैन ।*

## मनोसामाजिक समस्या समाधानका लागि

# मनोविमर्श केन्द्र

